## स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको पन्ध्रौं वार्षिक साधारण सभामा

## भएका काम कारबाहीका विवरण तथा निर्णयहरु

**१. वैधानिक सभा :**

स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८० फाल्गुण ०२ गते बुधबारका दिन बसेको संचालक समितिको २६४औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा वित्तीय संस्थाको नियमावलीमा ब्यबस्था भए बमोजिम वित्तीय संस्थाको पन्ध्रौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल भई देहाय बमोजिमको निर्णय गरी सम्पन्न भयो ।

**मिति** :- २०८० फाल्गुण २६ गते शनिबार (तदनुसार ०९ मार्च २०२४ ई.सं.)
**समय** :- बिहान ११:३० बजे
**स्थान** :- नेपाल हाउस, हात्तीसार, काठमाण्डौं ।

२. उपस्थिति

**क) संचालकहरुको उपस्थिति :**

| क्र. सं. | संचालकहरुको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र प्रसाद पाण्डे | अध्यक्ष | संस्थापक समुह |
| २ | श्री त्रि विक्रम पाण्डे | संचालक | संस्थापक समुह |
| ३ | श्री उदयराज खतिवडा | संचालक | संस्थापक समुह |
| ४ | श्री कृष्ण बन्जाडे | संचालक | सर्वसाधारण समुह |
| ५ | श्री समर ढकाल | संचालक | सर्वसाधारण समुह |
| ६ | श्री तेजदत्त खकुराल | संचालक | सर्वसाधारण समुह |
| ७ | श्रीमती हिरादेबी विष्ट | संचालक | स्वतन्त्र |

**ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :**

| क्र. सं. | पदाधिकारी/पर्यवेक्षकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री होम कान्त चौलागाई | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| २ | श्री राम बाबु सिलवाल | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ३ | श्री सागर राज जोशी | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ४ | श्री रोशन सुवेदी | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ५ | श्री भुपति राज पाण्डे | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ६ | श्री गोकुल न्यौपाने | पूर्व संचालक | स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. |
| ७ | श्री कमल प्रसाद नेपाल | महाप्रवन्धक | प्रतिनिधि, एनएमबि क्यापीटल लि. |
| ८ | श्री निशान लाल जोशी | रिलेशनसिप एशोसियट्स | प्रतिनिधि, एनएमबि क्यापिटल लि. |
| ९ | श्री प्रकाश लम्साल | बाह्य लेखा परीक्षक | पी.एल.आर.जी. एशोसियट्स |

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD.
Banepa, 2009

ग) व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :

| क्र. सं. | नाम | पद |
|---|---|---|
| १ | श्री मनोज कृष्ण उप्रेती | प्रमुख कार्यकारी अधिकृत |
| २ | श्री राजेन्द्र प्रसाद न्यौपाने | सहायक महाप्रबन्धक |
| ३ | श्री मधुसुदन अधिकारी | सहायक प्रबन्धक |
| ४ | श्री मधुसुदन पन्त | वरिष्ठ अधिकृत |
| ५ | श्री सरोज पौडेल | अधिकृत |
| ६ | श्री निरोज प्रसाद पौडेल | सहायक अधिकृत |

**३. सभाको वैधानिकता :**

**क) सभाको बारेमा सार्वजनिक सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि यस वित्तीय संस्थाको नियमावलीको नियम १८(३) अनुसार मिति २०८०/११/०३ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०८०/११/०४ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा दोश्रो पटक प्रकाशित गरिएको थियो । मिति २०८०/११/१० गते सम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरुलाई आ. व. २०७९/०८० को वार्षिक प्रतिवेदनका साथ सभाको सूचना तथा प्रोक्सी फारमहरु यस वित्तीय संस्थाले सार्वजनिक गरी सकिएको व्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट जानकारी गराइयो ।

**(ख) गणपुरक संख्या :**

यस साधारणसभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा मिति २०८० फाल्गुण १० गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई कायम शेयरधनीहरुले लिएको शेयरको विवरण यस प्रकार रहेको छ ।

| क्र. सं. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता |
|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरु | १७३ | ३४,०३,१९२.२५ |
| २ | सर्वसाधारण शेयरधनीहरु | ११,६५० | २८,६८,८१७.०३ |
| | जम्मा | ११,७५२ | ६२,७२,००९.२८ |

कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपुरक संख्या (कम्पनीको शेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरुले धारण गरेको साधारण शेयरहरुको संख्या) देहाय बमोजिम रहेको व्यहोरा कम्पनी सचिव श्री मनोज कृष्ण उप्रेतीबाट अवगत भयो । उपस्थित शेयरधनीहरुलाई उपरोक्त व्यहोरा जानकारी दिदै सभा कानून बमोजिम बोलाईएको हुँदा पूर्व सूचित प्रस्तावहरुमा छलफल गर्न अनुरोध गर्नुभयो ।

| बिक्री भएको कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा कित्ता | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| ६२,७२,००९.२८ | ३४०३१९२.२५ | २८६८८१७.०३ | १२९ | २६५ | ३३,८१,५३८ | ५३.९१ |

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. बनेपा, २०६६ Banepa, 2009

**४. सभामा प्रस्तुत छलफलका विषयहरू :**

शेयरधनीहरुको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरुलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिए बमोजिम यस वार्षिक साधारण सभामा देहाय अनुसारका छलफलका प्रस्तावहरु रहेका थिए ।

**छलफलको लागि प्रस्तावित विषयहरु :**

**क. सामान्य प्रस्तावहरु**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखा परीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, सोही मितिमा समाप्त भएको आ. व. २०७९/०८० को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०८०/०८१ को लेखा परीक्षण गर्नका लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. ६२,७२,००,९२८/- को ०.३६८४% (नजिकको चार दशमलवमा) ले हुन आउने रु. २३,१०,७४०.२६ नगद लाभांश रकम (बोनश शेयरको कर प्रयोजनार्थ समेत) पारित गर्ने ।

**ख. विशेष प्रस्तावहरु**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ. व. २०७९/०८० सम्मको वितरणयोग्य मुनाफाबाट वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजी रु. ६२,७२,००,९२८/- को ७% को दरले हुने रु.४,३९,०४,०६५/- रकम बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारीत गर्ने ।

२) सर्वसाधारणमा थप सार्वजनिक निष्काशन (Further Public Offering) गर्ने संम्बन्धमा ।

३) बोनस शेयर जारी र सर्वसाधारणमा थप सार्वजनिक निष्काशन (Further Public Offering) पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले वित्तिय संस्थाको जारी र चुक्ता पूँजी वृद्धि गर्ने र सोही बमोजिम प्रवन्धपत्रमा संशोधन गर्ने ।

४) अध्यक्ष तथा सञ्चालकहरुको बैठक भत्ता वृद्धि गर्ने र सोही बमोजिम वित्तीय संस्थाको नियमावलीमा संशोधन गर्ने ।

५) विप्रेषण सम्बन्धी कार्यहरु गर्न प्रवन्धपत्रको दफा ५ मा खण्ड (प) थप्ने र सोही बमोजिम प्रवन्धपत्रमा संशोधन गर्ने ।

६) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिकालागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने, अन्तिम स्वीकृती पश्चात सोको कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा

NAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD.

नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने कार्य अगाडी बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धमा ।

७) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका दफा तथा नियमहरुमा गरिएको थप तथा संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट परिमार्जन वा संशोधन वा फेरबदल गर्न सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक परिमार्जन, संशोधन वा फेरबदल गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

## ग. विविध

### ५. सभाको वैधानिकता, अध्यक्षता तथा उद्घाटन

५.१) स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. २३ अनुसार र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम यस लघुवित्त वित्तीय संस्थाको पन्ध्रौं वार्षिक साधारण सभामा राखिएको हाजिरी पुस्तिकामा शेयरधनीहरुको उपस्थिति तथा प्रतिनिधित्व ५० प्रतिशत भन्दा बढी भई साधारण सभाको गणपूरक संख्या पुगेको जानकारी कम्पनी सचिवले दिनु भयो । साथै प्रचलित कम्पनी कानून अनुसार तथा वित्तीय संस्थाको नियमावली अनुसार सभा वैधानिक भएकोले रीतपुर्वक साधारण सभाको काम कारवाही अगाडि वढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

५.२) कम्पनी ऐन, २०६३ को दफा ७४(१) तथा स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम नं. १९(१) अनुसार सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था रहेको व्यहोरा कम्पनी सचिवले जानकारी गराए पछि बिहान ११:३० बजे संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूको अध्यक्षता तथा अन्य संचालकज्यूहरुको उपस्थितिमा पन्ध्रौं वार्षिक साधारण सभा शुरु भयो ।

५.३) सभामा अध्यक्षज्यू तथा संचालकज्यूहरु तथा अन्य अतिथिज्यूहरुको आसन ग्रहण सम्पन्न भए पश्चात संचालक श्री उदय राज खतिवडाज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई स्वागत मन्तब्य राख्नु भयो ।

५.४) सभामा संचालक श्री उदय राज खतिवडाज्यूले स्वागत मन्तब्य राख्नु भए पश्चात सभाका अध्यक्ष तथा यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको उद्घाटन गर्नु भयो ।

### ६. पन्ध्रौं वार्षिक साधारण सभामा अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत :

पन्ध्रौं वार्षिक साधारण सभामा अध्यक्षज्यूले संचालक समितिका तर्फबाट प्रतिवेदन प्रस्तुत गर्ने क्रममा सम्पूर्ण उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै संचालक समितिको वार्षिक प्रतिवेदन साधारण सभामा प्रस्तुत गरी छलफलका लागि सभा समक्ष पेश गर्नुभयो । यस क्रममा आ.व. २०७९/०८० मा वित्तीय संस्थाले गरेको प्रगति तथा आ.व. २०८०/०८१ को भावी योजना तथा अन्य कार्यक्रमहरुका बारेमा समेत संक्षेपमा प्रकाश पार्नुभयो ।

### ७. अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

७.१ **शेयरधनी श्री उद्धव घिमिरेज्यूले** मन्तब्य राख्दै प्राप्त प्रतिफल राम्रो रहेको भन्दै धन्यवाद दिनुभयो । कम्पनी सचिवले धेरै जना वक्ताहरु रहनु भएकोले ५ मिनेट भित्र कुरा राख्न अनुरोध गरेकोमा आज सकभर समयको सिमा नलगाउन अनुरोध गर्दै आज शेयरधनीको दिन भएकोले समय लिएर बोल्न पाउनु पर्ने कुरा राख्नुभयो ।

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. बनेपा, २०६५ 2009

मन्तब्यको क्रममा वंहाले अडिट रिपोर्ट राम्रो रहेको, वासलातको आकार राम्रो रहेको बताउनु भयो । अहिलेको समयमा खराब कर्जा ४.७५ प्रतिशत धेरै भन्न नहुने बताउनु भयो । हाम्रो संस्थाको कुन संस्था संग मर्जरको कुरा चलेको छ स्पष्ट पारी दिनुहुन अनुरोध गर्नुभयो । हाम्रो संस्थाको सेवा ७७ वटै जिल्लामा पुग्नु पर्ने धारणा राख्नु भयो । केन्द्रिय कार्यालय आफ्नै घरमा राख्न पाए राम्रो हुने सल्लाह दिनुभयो । अडिट रिपोर्ट अहिलेको भन्दा राम्रो बनाउन पहल गरिदिनुहुन अनुरोध गर्नुभयो ।

७.२ **शेयरधनी श्री हेमन्त प्रसाद दाहालज्यूले** १०० वटा शाखा पुर्‍याउने लक्ष्य पुरा नभएको तर्फ सजग बनाउनु भयो । साधारण सभाको सुचना तथा एसएमएस गयो गएन बुझ्नु पर्ने बताउनु भयो । मधेश तिरको कर्जा लगानी असुलिको अवस्था के छ जानकारी दिनुहुन अनुरोध गर्नुभयो । त्यसैगरि उहाँले मन्तब्यको अन्त्यमा गणतन्त्रको वारेमा कविता वाचन गर्नुभयो ।

७.३ **शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठज्यूले** मन्तब्य राख्दै यस वर्ष संस्थाको तर्फबाट ७ प्रतिशत बोनश शेयर दिनु भएकोमा धन्यवाद दिनु भयो । हाम्रो कम्पनीको मर्जरको कुरा को संग चलिरहेको छ मिल्छ भने भनिदिए हुन्थ्यो भनि कुरा राख्नु भयो । देशको बैंक तथा वित्तीय क्षेत्रमा देखिएको अराजकता नसहने कुरा सरकारको तर्फबाट आई रहेको छ र अब के हुन्छ हेरौ भनि आफ्नो मन्तब्य राख्नु भयो । वित्तीय संस्थाले दिगो काम गरेको र शेयरधनीको हात खाली नगरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

७.४ **शेयरधनी श्री निरुपमा गुप्ताज्यूले** चालु आ. व. को दोश्रो त्रैमासको कार्य सम्पादन हेर्दा प्रति शेयर आम्दानी ११ रहेको देखिएको र कम्पनी जेड् श्रेणीमा परेको छ सुधार गर्नु होला भनि अनुरोध गर्नुभयो । लाभांशको लागि वार्षिक साधारण सभा ढिलै भए पनि धन्यवाद दिनुभयो । ईम्पेयरमेण्ट चार्ज वढेर नाफामा प्रभाव परेको, खराब कर्जा चौथो त्रैमासमा घटेको, आगामी वर्ष दोहोरो अंकमा लाभांश दिन प्रयास गरिदिनुहोला । कर्मचारी खर्चमा मितब्ययिता अपनाउनु होला । संस्थाको १० बुँदे रणनीति राम्रो रहेको, सामाजिक उत्तरदायित्व कोषबाट असहाय, अशक्त र अनाथहरुलाई पनि सहयोग गर्नुहोला भनि अनुरोध गर्नुभयो । लगानी नीति कस्तो छ स्पष्ट गरिदिनुहोला भनि आफ्नो मन्तब्यमा अनुरोध गर्नु भयो ।

७.५ **शेयरधनी श्री शत्रुधन श्रेष्ठज्यूले** मन्तब्य राख्दै खराब कर्जा बढे पनि शेयरधनीहरु प्रति ईमान्दार रही ७ प्रतिशत वोनश दिएकोमा धन्यवाद दिनुभयो । अहिलेको समयमा ठाउं ठाउंमा कर्मचारीहरु असुरक्षित रहेको देखिएको र सदस्यहरुले आन्दोलन गरेको अवस्थामा पनि संस्थालाई सकारात्मक रुपमा ब्यबस्थापन गर्न सक्नु भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । लघुवित्त क्षेत्रमा ऋणीहरुको वृद्धि नकरात्मक रहेको, सदस्य घटिरहेको, खराब कर्जा वढी रहेको वारेमा चर्चा गर्नुभयो । १५% मा लगानी गर्ने संस्था कसरि मिटरब्याजी भयो भनि प्रश्न गर्नुभयो । यस क्षेत्रमा देखिएको आन्दोलनको बारेमा सरकार मौन बस्दा समस्या झन वढेको तथ्य औल्याउनु भयो । यस्तो विषम परिस्थितिमा पनि आफ्नो कार्यक्रमलाई कुशलतापूर्वक वढाएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । विपन्न वर्गलाई वित्तीय सेवा दिने संस्थालाई सकारात्मक रुपमा लिऊँ । नेपालको गरिबी विगत केहि समयमा करिब ५० प्रतिशत बाट घटेर २० प्रतिशतमा आउनुमा लघुवित्त क्षेत्रको योगदान रहेको समेत धारणा राख्नुभयो ।

७.६ **शेयरधनी श्री गोबिन्द बहादुर के.सि.ज्यूले** लघुवित्त क्षेत्रमा देखिएको यस्तो विषम परिस्थितिमा पनि ७% वोनश शेयर प्रदान गर्नु भएकोमा धन्यवाद दिनुभयो । आगामी दिनमा राम्रो लाभांशको अपेक्षा राखेको छु भन्नुभयो । ने. रा. बैंकले लघुवित्तलाई काम गर्न सहजता बनाउनु पर्ने, लघुवित्तलाई गाउँ-गाउँबाट लखेटिनु पर्ने अवस्था आएको, सरकारले राम्ररी हेरेन भने २०८४ साल सम्म लघुवित्त नरहन सक्ने अवस्था रहेको र लघुवित्त क्षेत्रमा देखिएको आन्दोलन तथा भ्रम चिर्न शसक्त रुपमा कुराहरु राख्नु पर्ने धारणा राख्नुभयो । खराब कर्जा बढेको, प्रतिशेयर आम्दानी घटेको अवस्था रहेकोले यस वर्षको मुख्य उद्देश्य असुलिलाई बनाउनु पर्ने धारणा राख्नुभयो । हाम्रो स्वरोजगार लघुवित्त राम्रो स्वरोजगार होस भन्ने धारणा राख्नुभयो ।

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2009

७.७ शेयरधनी **श्री लक्ष्मी प्रसाद सैंजुज्यूले** अध्यक्षज्यूको मन्तब्य प्रति धन्यवाद ज्ञापन गर्नु भयो । उहाँले ८ वर्ष पहिले रु. २६००/- हालेर प्रतिशेयर किनेको स्मरण गर्नुभयो । संस्थापक शेयरलाई साधारण शेयरमा परिणत गर्दा सर्वसाधारण शेयरको आपुर्ति वढ्न गई मुल्य घट्न गएको महशुस भएको धारणा राख्नुभयो । Secondary Market का लगानीकर्ताको विश्वास कायम रहने गरि काम गरिदिन आग्रह गर्नुभयो । कर्मचारी खर्च र अन्य खर्च धेरै छ सकभर कम गर्न आग्रह गर्नुभयो । कर्मचारी तालीम खर्च रु. ३७ लाख छ कसरि र किन भएको हो स्पष्ट पारी दिनुहुन अनुरोध गर्नुभयो ।

७.८ शेयरधनी **श्री कृष्ण प्रसाद अधिकारीज्यूले** वार्षिक प्रतिवेदन समयमा पाईएन् । जेष्ठ नागरिकलाई बोल्ने पालो शुरुमा नै दिनु होला भनि आग्रह गर्नुभयो । प्रतिवेदनमा ह्रस्व, दीर्घ सुधार गर्नुहोला । अन्तमा कविता वाचन गरि आफ्नो मन्तब्य अन्त्य गर्नुभयो ।

७.९ शेयरधनी **श्री सुदिप श्रेष्ठज्यूले** यस्तो विषम परिस्थितिमा पनि ७% वोनश लाभांश दिएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । बनेपामा केन्द्रिय कार्यालय भए पनि शेयरधनीहरुको सुविधाको लागि पायक पर्ने गरि काठमाण्डौमा साधारण सभा राखि दिनु भएकोमा धन्यवाद दिनुभयो । लघुवित्तले गरिबीको रेखामुनि रहेको परिवारलाई वित्तीय पुँहुच पुऱ्याएकोमा यसलाई अझ सशक्त रुपमा अगाडि वढाउन अनुरोध गर्नुभयो ।

७.१० शेयरधनी **श्री राम गोपाल श्रेष्ठ**ज्यूले संस्थाले ७% वोनश लाभांश दिएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । शाखाहरुको निरीक्षण वढाउन अनुरोध गर्नुभयो । मर्जरको लागि राम्रो होमवर्क गरेर मात्र गर्नुहुन अनुरोध गर्नुभयो । मर्जर टुट्ने गरेर नगरिदिनु होला । २०८० पौष मसान्तमा कर्जा वृद्धि भएको रिपोर्ट हेर्दा राम्रो लाग्यो । आगामी वर्षमा दिएको लाभांश नघटोस भनि अनुरोध गर्नुभयो ।

**८. सभामा शेयरधनीहरुले राख्नु भएको जिज्ञासा तथा प्रश्नहरुको जवाफ :**

यसरी १० जना वक्ताहरुले अध्यक्षज्यूको प्रतिवेदन उपर छलफलमा सहभागी हुनु भई आफ्ना सल्लाह, सुझाव तथा जिज्ञासा राख्नु भयो । यसरी उहाँहरुले राख्नु भएको जिज्ञासा उपर यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष श्री ज्ञानेन्द्र प्रसाद पाण्डेज्यूले छलफलमा सहभागीहरुले दिनु भएका सल्लाह सुझावहरुलाई मनन गर्दै संस्थालाई अगाडि बढाउने बताउनु भयो । यसका साथै वक्ताहरुले उठाउनु भएका जिज्ञासा उपर बुँदागत रुपमा जवाफ दिनुभयो ।

**९. सभाका निर्णयहरु :**

**क) साधारण प्रस्तावहरु**

१. यस वित्तीय संस्थाको संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु भएको आ. व. २०७९/०८० को वार्षिक प्रतिवेदन सभाबाट पारित गरियो ।

२. यस वित्तीय संस्थाको बाह्य लेखा परीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूचिहरु माथि छलफल गर्ने प्रस्ताव सभामा प्रस्तुत गर्दा सो प्रस्ताव माथि छलफल गरी सर्वसम्मतिबाट पारीत गरियो ।

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. बनेपा, २०६६ Banepa, 2009

३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०८०/०८१ को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने प्रस्ताव सभामा प्रस्तुत गर्दा श्री एस. दुवाडी एण्ड एशोसियट्स, चार्टड एकाउण्टेन्टस, किर्तिपुर काठमाण्डौलाई यस वित्तीय संस्थाको आ. व. २०८०/०८१ को लेखा परीक्षकको रुपमा नियुक्ति गर्ने तथा वैधानिक लेखा परीक्षणको सम्पूर्ण कार्य (वार्षिक लेखा परीक्षण, कर लेखा परीक्षण, दफा ५१ र ७८ प्रमाणित लगायत आवश्यक अन्य कार्य समेत) को लागि कर सहित रु. ३,३९,०००/- (अक्षरुपी, तीन लाख उनन्चालीस हजार रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने सभाबाट निर्णय गरियो ।

४. आ. व. २०७९/०८० को वितरण योग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु. ६२,७२,००,९२८/- को ०.३६८४ प्रतिशत ले हुन आउने रु. २३,१०,७४०/२६ (अक्षरुपी, तेईस लाख दश हजार सात सय चालीस रुपैयाँ छब्बीस पैसा मात्र) नगद लाभांश (बोनश शेयरको कर प्रयोजनको लागि) वितरण गर्ने प्रस्ताव सभाबाट स्वीकृत गर्ने निर्णय भयो ।

**ख) विशेष प्रस्तावहरु**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ. व. २०७९/०८० को मुनाफा तथा अन्य जगेडा कोषबाट हाल कायम चुक्ता पूँजी रु. ६२,७२,००,९२८/- (अक्षरुपी, बैसठ्ठी करोड बहत्तर लाख नौ सय अठ्ठाईस रुपैयाँ मात्र) को ७% को दरले हुने रु. ४,३९,०४,०६५/- (अक्षरुपी, चार करोड उनान्चालीस लाख चार हजार पैंसठ्ठी रुपैयाँ मात्र) बराबरको बोनस शेयर जारी गर्ने तथा यसरी दिइने बोनस शेयर भिन्न अंकमा आएमा विगतको भिन्न अंकमा जोडी पूर्ण अंकमा बोनस शेयर जारी गर्ने र बाँकी रहने भिन्न अंकलाई सम्बन्धित शेयरधनीकै नाममा रहने गरी छुट्टै अभिलेख राख्ने वा नियमानुसार अन्य उपयुक्त व्यवस्था गर्ने र सोही हदसम्म जारी पूँजी र चुक्ता पूँजी वृद्धि गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरीयो ।

२. यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड र जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेड बीच मिति २०७७ असोज २५ गते एकिकृत कारोबार भएको र जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रारभिंक सार्वजनिक निष्काशन (IPO) जारी नभएकोले सर्वसाधारण समूहतर्फको निष्काशन हुन बाँकी शेयरलाई थप सार्वजनिक निष्काशन (FPO) मार्फत जारी गर्न श्री नेपाल राष्ट्र बैंकबाट सुझाव/निर्देशन भए अनुसार १,९५,७७३ कित्ता शेयर थप सार्वजनिक निष्काशन गर्ने निर्णय सभाबाट पारीत गरियो । यसरी थप सार्वजनिक निष्काशन गर्दा प्रचलित धितोपत्र सम्बन्धी कानूनमा भएको व्यवस्था अनुरुप प्रिमियम मूल्यमा निष्काशन गर्ने र प्रिमियम मूल्यमा निष्काशनकालागि वित्तीय संस्था योग्य नभएको अवस्थामा मात्र अंकित मूल्यमा निष्काशन गर्ने निर्णय भयो । यस सन्दर्भमा नियामक निकायबाट अन्य केहि थप निर्देशन प्राप्त भएमा सोही अनुसार कार्य गर्न तथा सम्बन्धित नियामक निकायहरुसँग आवश्यक प्रक्रियाहरु अघि बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने समेत सभाबाट निर्णय भयो ।

३. बोनस शेयर जारी तथा थप सार्वजनिक निष्काशन (Further Public Offering) गरे पश्चात यस वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएको तथा संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व समेत परिवर्तन हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने र शेयर स्वामित्व समेत संशोधन गर्ने सम्बन्धी प्रस्ताव सभामा प्रस्तुत भएकोमा सभाबाट देहाय बमोजिम वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ को खण्ड ख, ग, घ र ङ मा संशोधन गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो ।

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2009

**प्रवन्धपत्रको दफा ६ मा संशोधन :**
**खण्ड (ख)** : लघुवित्त वित्तीय संस्थाको जारी पुँजीको ७ प्रतिशत बोनस सेयर जारी गरे पश्चात रु.६७,११,०४,९९३/- (अक्षरेपी, सतसट्ठी करोड एघार लाख चार हजार नौं सय त्रियान्नब्बे मात्र) र थप सार्वजानिक निष्काशन (FPO) १,९५,७७३ कित्ता जारी गरे पश्चात रु. ६९,०६,८२,२९३/- (अक्षरेपी, उनान्सत्तरी करोड छ लाख बयासी हजार दुई सय त्रियान्नब्बे मात्र) हुनेछ । सो पुँजीलाई प्रति सेयर रु. १००/- का दरको ६९,०६,८२२.९३ (अक्षरेपी, उनान्सत्तरी लाख छ हजार आठ सय बाइस दशमलब नौं तिन ) थान साधारण सेयरमा विभाजन गरिएको छ ।

**खण्ड (ग)** : लघुवित्त वित्तीय संस्थाको चुक्ता पुँजीको ७ प्रतिशत बोनस सेयर जारी गरे पश्चात रु.६७,११,०४,९९३/- (अक्षरेपी, सतसट्ठी करोड एघार लाख चार हजार नौं सय त्रियान्नब्बे मात्र) र थप सार्वजानिक निष्काशन (FPO) १,९५,७७३ कित्ता जारी गरे पश्चात रु. ६९,०६,८२,२९३/- (अक्षरेपी, उनान्सत्तरी करोड छ लाख बयासी हजार दुई सय त्रियान्नब्बे मात्र ) हुनेछ । सो पुँजीलाई प्रति सेयर रु. १००/- का दरको ६९,०६,८२२.९३ (अक्षरेपी, उनान्सत्तरी लाख छ हजार आठ सय बाइस दशमलब नौं तिन ) थान साधारण सेयरमा विभाजन गरिएको छ ।

**खण्ड (घ)** : सर्वसाधारण शेयरधनी समूहको शेयर स्वामित्व जारी पूँजीको ४७.२८ प्रतिशत हुनेछ ।

**खण्ड (ङ)** : संस्थापक शेयरधनी समूहको शेयर स्वामित्व जारी पूँजीको ५२.७२ प्रतिशत हुनेछ ।

४. सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुको बैठक भत्ता वृद्धि गर्ने सम्बन्धी प्रस्ताव सभामा पेश भएकोमा सभाबाट देहाय बमोजिमको वैठक भत्ता स्वीकृत गर्ने र सोही बमोजिम वित्तीय संस्थाको नियमावलीको नियम ३२ को उपनियम १(क) मा संशोधन गर्ने सर्वसम्मत निर्णय भयो ।
**नियमावलीको नियम ३२ को उपनियम १(क) मा संशोधन :**
**नियम ३२ (१) को खण्ड (क)** : समितिको वैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकले पाउने वैठक भत्ता प्रति वैठक क्रमशः रु. १०,०००/- र रु. ९,०००/- हुनेछ ।

५. यस वित्तीय संस्थाले विप्रेशण संम्बन्धी कार्यहरु गर्नको लागि प्रबन्धपत्रको दफा ५ मा खण्ड (प) को थप व्यवस्था गरी देहाय बमोजिम व्यवस्था थप गर्ने प्रस्तावलाई सभाबाट सर्वसम्मत पारीत गर्ने निर्णय गरियो ।
**प्रवन्धपत्रको दफा ५ मा खण्ड (प) थप :**
**खण्ड (प)** : नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधिनमा रही व्यवसायीक उद्देश्य हासिल गर्न विप्रेषण सम्बन्धी कार्य गर्ने संस्था वा कम्पनीहरुको एजेण्ट भई विप्रेषण सम्बन्धी कार्य गर्ने गराउने ।

६. यस वित्तीय संस्थाले अन्य ईजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (Memorendum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखा परीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने एवं प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने, अन्तिम स्वीकृती पश्चात सोको कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने कार्य अगाडि बढाउन संचालक समितिलाई

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2009

अख्तियारी प्रत्यायोजन गर्ने प्रस्ताव सभामा पेश भए बमोजिम संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

७. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिवर्तन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

ग. विविध अन्तर्गत अन्य विषयहरु नरहेको व्यहोरा सभा सञ्चालकले सभामा जानकारी गराउनु भयो ।

**१०) उत्कृष्ट शाखालाई पुरस्कार वितरण कार्यक्रम :**

**आर्थिक वर्ष २०७९/०८० मा उत्कृष्ट कार्य सम्पादन गरे वापत मकवानपुर जिल्लामा रहेको हेटौडा शाखालाई सर्वोत्कृष्ट शाखाको रुपमा नगद तथा प्रशंसा पत्र सहित अध्यक्षज्यूबाट सम्मान गरियो ।**

**११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**
यस साधारण सभामा छलफलकालागि अन्य विषयहरु नभएकोले कम्पनी सचिवले सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रित साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको पन्ध्रौं वार्षिक साधारण सभालाई सफल बनाउन सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनु हुँदै पन्ध्रौं बार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।

**मनोज कृष्ण उप्रेती**
**कम्पनी सचिव**

SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD. Banepa, 2009

**ज्ञानेन्द्र प्रसाद पाण्डे**
**अध्यक्ष**

# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड

## बनेपा -५, काभ्रेपलाञ्चोक ।

यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली २०६६ मा आवश्यक संशोधनको लागि
मिति २०८० फाल्गुन २६ गतेको पन्ध्रौ वार्षिक साधारण सभाबाट पारीत प्रस्तावित संशोधनहरु सम्बन्धी

**तिन महले विवरण**

### प्रबन्धपत्र तर्फको संशोधन

| दफा | विद्यमान ब्यवस्था | प्रस्तावित संशोधन | कारण |
|---|---|---|---|
| ५. (प) | हाल नभएको । | नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही व्यवसायिक उद्देश्य हासिल गर्न विप्रेशण सम्बन्धी कार्य गर्ने संस्था वा कम्पनीहरुको एजेन्ट भई विप्रेशणको कार्य गर्ने गराउने । | सदस्यलाई थप सुविधा दिन सेवा विस्तार गर्नु पर्ने भएकोले |
| ६. (ख) | लघुवित्त वित्तीय संस्थाको जारी पुंजी रु. ६२,७२,००,९२८/- (अक्षरेपी, बैसट्ठी करोड बहत्तर लाख नौ सय अट्ठाईस मात्र) हुनेछ । सो पुँजीलाई प्रति सेयर रु. १००/- का दरको ६२,७२,००९.२८ (अक्षरेपी, बैसट्ठी लाख बहत्तर हजार नौ दशमलब दुई आठ ) थान साधारण सेयरमा विभाजन गरिएको छ । | लघुवित्त वित्तीय संस्थाको जारी पुँजीको ७ प्रतिशत बोनस सेयर जारी गरे पश्चात रु.६७,११,०४,९९३/- (अक्षरेपी, सतसट्ठी करोड एघार लाख चार हजार नौं सय त्रियान्नब्बे मात्र) र थप सार्वजानिक निष्काशन (**FPO**) १,९५,७७३ कित्ता जारी गरे पश्चात रु. ६९,०६,८२,२९३/- (अक्षरेपी, उनान्सत्तरी करोड छ लाख बयासी हजार दुई सय त्रियान्नब्बे मात्र) हुनेछ । सो पुँजीलाई प्रति सेयर रु. १००/- का दरको ६९,०६,८२२.९३ (अक्षरेपी, उनान्सत्तरी लाख छ हजार आठ सय बाइस दशमलब नौं तिन ) थान साधारण सेयरमा विभाजन गरिएको छ । | बोनश शेयर तथा सर्वसाधारणमा थप सार्वजनिक निष्काशन (FPO) जारी गरे पश्चात पुँजी वृद्धि हुने भएकोले |
| ६. (ग) | लघुवित्त वित्तीय संस्थाको चुक्ता पुंजी रु. ६२,७२,००,९२८/- (अक्षरेपी, बैसट्ठी करोड बहत्तर लाख नौ सय अट्ठाईस मात्र) हुनेछ । | लघुवित्त वित्तीय संस्थाको चुक्ता पुँजीको ७ प्रतिशत बोनस सेयर जारी गरे पश्चात रु.६७,११,०४,९९३/- (अक्षरेपी, सतसट्ठी करोड एघार लाख चार हजार नौं सय त्रियान्नब्बे मात्र) र थप सार्वजानिक निष्काशन (**FPO**) १,९५,७७३ कित्ता जारी गरे पश्चात रु. ६९,०६,८२,२९३/- (अक्षरेपी, उनान्सत्तरी करोड छ लाख बयासी हजार दुई सय त्रियान्नब्बे मात्र ) हुनेछ । सो पुँजीलाई प्रति सेयर रु. १००/- का दरको ६९,०६,८२२.९३ (अक्षरेपी, उनान्सत्तरी लाख छ हजार आठ सय बाइस दशमलब नौं तिन ) थान साधारण सेयरमा विभाजन गरिएको छ । | |
| ६. (घ) | सर्वसाधारण सेयरधनी समुहको सेयर स्वामित्व जारी पुँजीको ४५.७४ प्रतिशत हुनेछ । | सर्वसाधारण सेयरधनी समुहको सेयर स्वामित्व जारी पुँजीको ४७.२८ प्रतिशत हुनेछ । | सर्वसाधारणमा थप सार्वजनिक निष्काशन (FPO) जारी गर्नु पर्ने भएकोले |
| ६. (ङ) | संस्थापक सेयरधनी समुहको सेयर स्वामित्व जारी पुँजीको ५४.२६ प्रतिशत हुनेछ । | संस्थापक सेयरधनी समुहको सेयर स्वामित्व जारी पुँजीको ५२.७२ प्रतिशत हुनेछ । | |

### नियमावली तर्फको संशोधन

| नियम | विद्यमान ब्यवस्था | प्रस्तावित संशोधन | कारण |
|---|---|---|---|
| ३२. १. (क) | समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य संचालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमश : रु. ७,०००/- र रु. ६,५००/- हुनेछ । संचालकको संयोजकत्वमा गठित समिति/उप-समितिको बैठकमा उपस्थित भए वापत संचालकलाई संचालक समिति सरह बैठक भत्ता प्रदान गरिनेछ । | समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य संचालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमश: रु. १०,०००/- र रु. ९,०००/- हुनेछ । संचालकको संयोजकत्वमा गठित समिति/उप-समितिको बैठकमा उपस्थित भए वापत संचालकलाई संचालक समिति सरह बैठक भत्ता प्रदान गरिनेछ । | वर्तमान समयको बजार मुल्य अनुसार केहि वृद्धि गर्न प्रस्ताव गरिएको |

मनोज कृष्ण उप्रेती
कम्पनी सचिव

ज्ञानेन्द्र प्रसाद पाण्डे
अध्यक्ष